OPEN MIC NEPAL
Listen. Verify. Report

# अङ्क २

असार २७, २०७२

ओपन माईक नेपाल बुलेटिनको दोस्रो अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरु, सञ्चार माध्यम र स्थानीय समुदायलाई सहि सूचना पु-याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरु र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरुलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

## हल्ला



### चरिकोट, दोलखा

"सरकारले लड्न लागेका घर भत्काइदिने र सफा गर्ने भन्ने सुनिएको छ तर अहिले सम्म व्यक्तिहरुले आफै खर्च गरेर अवशेषहरु पन्छाइरहेका छन्। सात-आठवटा घर प्रशासनले भत्काउँछ रे भन्ने हल्ला चलेको छ तर अझै भत्काइएको छैन।"

### सिद्धिपूर, ललितपुर

"वडा कार्यालयका अधिकारीले क्षतिग्रस्त घरको फोटो लिएपछि भत्काउन सकिन् बताएका छन्। फारम भर्नुपर्ने हो वा के गर्नुपर्ने हो थाहा छैन।"

## यथार्थ

घरधनीले आफ्नो घर आफ्नै लागतमा भत्काउनु पर्छ। आफ्नो घरको विवरण वा लगत राखेर घर भत्काउन सकिन्छ।

मानवीय सहयोगका लागि जिल्लामा रहेका संघसंस्थाले आवश्यकता अनुसार जिल्ला दैवि प्रकोप उद्धार समितिलाई घर भत्काउनमा सहयोग गर्न सक्छन्।

घर भत्काउनका लागि प्राविधिक सहयोग चाहिएमा सम्बन्धित घरधनीले गाविस वा नगरपालिकाका वडामा निवेदन दिनुपर्छ।

सरकारले आफ्नो जनशक्ति प्रयोग गरी घर भत्काइदिएको अवस्थामा त्यसको लागत सम्बन्धित घरधनीले नै बेहोनुपर्छ।

देवेन्द्र लामिछाने
प्रमुख जिल्ला अधिकारी
दोलखा
९५४०१७७७७

OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क २
असार २७, २०७२

# हल्ला



## चरिकोट, दोलखा

"सरकार या सम्बन्धित निकायले धरापमा रहेका घरहरु भत्काउन सुरु नगरेपछि केही घरधनी आफैले घर भत्काउन सुरु गरे। तर, सुरक्षाको कुनै उपाय नअप्नाई घर भत्काउदा दुर्घटनामा परेर एक जनाको मृत्यु भयो।"

## चौतारा सिन्धुपाल्चोक

"ठूलो पानी परेर घर ढल्दा किचिएर एक जनाको मृत्यु भएको हल्ला चल्यो।"

# यथार्थ

चौतारामा घर भत्काउने क्रममा कसैको पनि निधन भएको जानकारी छैन। एउटा घर आफैँ ढलेको जानकारीमा आएको छ।

दोलखामा घर भत्काउनु अघि घर भित्रबाट सामान निकाल्न खोज्दा मृत्यु भएको जानकारी प्रहरीले दिएको छ। घर भत्काउनु अघि प्रशासनलाई खबर गरेमा प्रहरी वा नेपाली सेनालाई पठाएर सहयोग गर्न सकिने जानकारी स्थानीय प्रशासनले दिएको छ।

यो सरकारले जोखिममा परेका घर भत्काउन प्राविधिक सहायता उपलब्ध गराउने कुरा सरकारको नीति अन्तरगत पर्छ। तर, यसरी घर भत्काउँदाको लागत भने घरधनी स्वयंले नै बेहोर्नुपर्छ।

केहि जिल्लामा मानवीय सहयोगमा काम गरिरहेका संघसंस्थाले आवश्यकता अनुसार सार्वजनिक र नीजि दुबै किसिमका संरचना भत्काउन सहयोग गरिरहेका छन्। जिल्ला दैवि प्रकोप उद्धार समितिले यसको समन्वय गरिरहेको छ। यो कार्य प्राथमिकतामा आधारित हुने भएकोले घर भत्काउने वा पन्छाउने सम्वन्धि विषयमा सवै जिल्लामा एकरुपता रहँदैन।

- इभूकम्पको पराकम्पन वा बर्षाको कारणले कमजोर संरचना जतिबेला पनि भत्कन सक्छन्।
- सहरी क्षेत्रमा इन्जिनिएर वा प्राविधिकको परामर्शमा सुरक्षाको उपाय अवलम्वन गरेर मात्र घर भत्काउन सुझाव दिइन्छ।
- आफूले भत्काउनु सुरक्षित नहुने अवस्थामा जिल्ला दैवीप्रकोप उद्धार समिति वा मानवीय सहयोगमा जुटेका संघसंस्थासँग समन्वय गर्नु राम्रो हुन्छ।
- ग्रामिण क्षत्रका कच्ची भत्काउँदा माथिल्लो तलाबाट भत्काउन सुरु गर्नु सुरक्षित हुन्छ।

देवेन्द्र लामिछाने
प्रमुख जिल्ला अधिकारी
दोलखा
९५४०१७७७७

विनोद घिमिरे
सहसंयोजक
Early Recovery Cluster
संयुक्त राष्ट्रसंघीय बिकास कार्यक्रम
९८५११४५९८८

# सवाल



## हाकु, भोर्ले, डाँडागाउँ , ठूलो गाउँ र लहरो पैरे

### रसुवा

"पहिरोको जोखिममा परेका मानिसहरूलाई विभिन्न स्थानमा सार्नुपर्ने भएको छ।"

## बाबरे, दोलखा

"गाउँ पहिरोको उच्च जोखिममा भएता पनि कुनै सरकारी तथा गैर सरकारी संस्थाबाट केहि पहल नभएकोले समस्या भएको छ।"

## काँसीगाउँ, हंसपुर

### गोरखा

"पहिरोको डर छ।"

## सन्द्रावती, धादिङ

"६ ,७ ,८ र ९ वडाका सवै रमितेडाँडा फुट्ने भन्ने डरत्रासमा छन्।"

# जवाफ

भूकम्प प्रभावित जिल्लाका निर्वाचन क्षेत्रहरूमा खटिएका भूकम्पविद्हरूले तयार गरेको प्रतिवेदन र प्रत्यक्ष निर्वाचित सभासद्को संयोजकत्वको टोलीको प्रतिवेदनलाई एकिकृत गरी स्थानान्तरण गर्नुपर्ने बस्तीको सूचि तयार भएको छ।

केहि जिल्लामा बस्ती सार्नका लागि सुरक्षित स्थानहरूको पहिचान गर्ने कार्य भइरहेको छ। केहि बस्तीलाई सार्ने प्रक्रिया पनि अघि बढेको छ।

सरकारले जिल्ला दैवि प्रकोप उद्धार समिति, नेपाली सेना, नेपाल प्रहरी, जिल्लाका विभिन्न कार्यालयहरू र गाविसलाई बस्ती सार्ने सम्वन्धमा आवश्यक व्यवस्थापनको जिम्मा दिएको छ।

स्थानान्तरण गरिने बस्तीलाई स्थानान्तरणका सम्बन्धमा जानकारी दिने जिम्मा गाविसको हो।

केही संघसंस्थाहरुले बस्ती खाली गर्न र सार्नमा सहयोग गरिरहेका छन्। यदि तपाईंले गाउँमा पहिरोको खतरा महशुस गर्नु भएको छ भने तत्कालै जिल्ला दैवि प्रकोप उद्धार समितिमा सम्पर्क गर्नुहोस्।

**बासुदेव घिमिरे**
प्रमूख जिल्ला अधिकारी
धादिङ
९८५१२४७७७७

**शिबराम गेलाल**
प्रमूख जिल्ला अधिकारी
रसुवा
९८५१२७७७७७

OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क २
असार २७, २०७२

# सवाल

## धैबुङ, रसुवा

"राहत पाउनका लागि एकै घरमा बसेका पनि छुटै बसेको भन्दै परिचय पत्र र राहत लने क्रमबद्धो छ। भूकम्प पछि घरधूरी  वृद्धि भएर राहत बाड्न गाह्रो परेको छ। "

## आर्साङ, बोर्लाङ, गोरखा

"एउटै छानामुनी फरक परिवारका रुपमा बेग्लै भान्छा गरेर बसेको परिवारलाई गाविसले एउटा मात्र परिवार मानेर दर्ता गरेकोले अन्याय गरेको छ। सरकारले परिवारको परिभाषा कसरी गर्छ ?"



## चित्रपुर, भक्तपुर

"एउटै परिवारमा बसेका दाजुभाइले फरक फरक परिवार भनेर रु. १५ हजार राहत लिएको पाईएको छ।"

## नुवाकोट

"बासिन्दाहरु संयुक्त परिवारमा बसोबास गर्दै आएको देखिए पनि भान्सा छुट्टाछुट्टै भएकाले सरकारबाट पाउनुपर्ने क्षतिपूर्तिको हकमा भान्सा अनुसारको पाउनुपर्ने माग बढी आएकोले त्यसलाई व्यवस्थापन गर्नका लागि समस्या पर्ने गाविसका सचिवहरुको  भनाई छ।"

## सिद्विपुर, ललितपुर

"एउटै घरमा फरक परिवारका रुपमा बसेका परिवारले कतै रु. १५ हजार पाएका छन्, कतै पाएका छैनन्।"

# जवाफ

सरकारले गरेको परिवारको परिभाषा अस्पष्ट भएकोले बुझाईमा एकरुपता हुन सकेको छैन।

गृह मन्त्रालयको २०७२ जेठ २ गतेको कार्यादेश अनुसार सगोलमा बसिरहेका परिवारका सदस्यहरुलाई एक परिवार मानिन्छ। जेठ ११ को अर्को निर्णयमा सरकारले आमा, बुबा, श्रीमान्, श्रीमतिलाई एक परिवार मान्ने उल्लेख गरेको छ। एउटै घरमा फरक भान्छा भएमा के गर्ने भन्ने केहि उल्लेख भएको छैन।

गृह मन्त्रालयका प्रवक्ताका अनुसार एउटै भान्छा गरेर संयुक्त रुपमा बसेको समूहलाई एक परिवार मान्ने व्यवस्था छ।

सरकारले प्रमुख जिल्ला अधिकारी नेतृत्वको जिल्ला दैवि प्रकोप उद्दार समितिलाई भूकम्प पिडित परिचय पत्र वितरणको जिम्मा दिएको छ। नगरपालिका र गाविसका अधिकारीहरुले पिडितको पहिचान र परिचय पत्र वितरणको काम गर्छन्।

तसर्थ, पिडित परिवारको पहिचान गर्ने जिम्मा पाएको समितिले स्वविवेकमा परिवारको परिभाषा गर्न सक्ने देखिन्छ। त्यसैले भिन्दै भएर एउटै घरमा बसेका परिवारले कतै १५ हजार पाएको र कतै नपाएको अवस्था देखिएको हो।

पिडित परिवारले राहत वितरणमा भेदभाव भएको अनुभूति गरेमा जिल्ला दैवि प्रकोप उद्दार समितिमा उजुरी दिन सक्छन्।

लक्ष्मी ढकाल
प्रवक्ता, गृह मन्त्रालय
९८५११४०००३

अनिल ठाकुर
प्रमुख जिल्ला अधिकारी, भक्तपुर
९८५१२१७७७७

# प्रश्नोत्तर



काभ्रेपलाञ्चोक

## भिमखोरी

- "भुकम्पअघि नै घर भत्किएका सुकुम्बासीलाई "तिमीहरूले राहत पाउँदैनौ" भनियो । भुकम्पमा आफ्नो टहरा भत्किए पनि जग्गाधनी प्रमाण पत्र नभएकोले गर्दा उनीहरूले राहत बापतको रू. १५ हजार पाएनन् ।"

सुकुम्बासीहरूले सरकारी जग्गा ओगटेर बनाएको घर भूकम्पले भत्काएकोमा सरकारले क्षतिपूर्ति दिदैन । उनीहरूको व्यवस्थापन विद्यमान कानुन अनुसार हुन्छ ।

- "मेरो छोरा भिन्दै बसेको ५ वर्ष भयो । ऊ काठमाडौँमा बस्छ । प्राविधिक टोली आएको समयमा छोरा नभएकोले मैले मेरो श्रीमतीको नाममा घर टिपाएको छु । पैसा लिन बोलाउनका लागि मेरो छोरासँग बोलचाल समेत छैन । श्रीमतीलाई पसा लिन पठाँउदा गाउँलेहरूले यो त उसकै छोराले लिनुपर्छ भन्छन् । के यो पैसा मेरो श्रीमतीले पाउँदिनन् त ?"

भूकम्प पिडित परिचय पत्रमा घरमूलीको नाम र फोटो टाँसीने हुनाले परिचय पत्रमा नाम भएको व्यक्तिले नै रकम पाउँछ ।

- "मेरा सबै छिमेकीले रू. १५ हजार पाएर टहरा बनाए । म रकम लिन जाँदा मेरो नामको रकम अरु कसैले लगेको जानकारी पाइयो । गल्तिले कसैले लगेको भए छानबिन गरेर खबर गर्ने भन्ने जानकारी गाविस सचिवले दिएका छन् । तर, अझै सम्म न त सचिवले कुनै जानकारी दिएका छन् न त उनलाई भेट्न नै सकिएको छ ।"

गाविसले छानविन गरेर समस्या समाधान नगरिदिएको अवस्थामा जिल्ला दैवि प्रकोप उद्धार समितिमा उजुरी दिन सकिन्छ । सम्पकर्कका लागि, सुदर्शन प्रसाद ढकाल, प्रमूख जिल्ला अधिकारी काभ्रेपलाञ्चोक, फोन : ९८५१२३७७७७ ।

# प्रश्नोत्तर

## ललितपूर



### लुभु

“सरकारले घर पुर्ण रुपमा क्षति भएकालाई मात्र रू. १५ हजार दिएर अन्याय गरेको छ। घर पूर्ण रुपमा क्षेती नभएपनि बस्न अयोग्य भएका परिवारका लागि पनि अस्थायी टहरा चाहिने हुनाले हामीले पनि क्षतिपूर्ति पाउनु पर्ने हो। ”

प्राविधिक टोलीले घर बस्न अयोग्य हो भनि प्रमाणित नगरेको अवस्थामा अस्थायी टहरा निर्माणका लागि सरकारले रकम उपलब्ध गराउँदैन। घर मर्मत गर्नका लागि सरकारले दिने रू.२५ हजार पाउनका लागि गाविस वा नगरपालिकामा निवेदन दिन सकिन्छ।

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। असार १६ देखि २३ गतेका विचमा स्वयं सेवकहरुले करिब १० जिल्लाका करिब २५० जना स्थानीयबासीसँग कुराकानी गरेर तयार पारेका विवरणहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरु

accountabilitylab    Local Interventions Group data-driven development    Internews

OPEN MIC
NEPAL
Listen. Verify. Report

अङ्क ३
श्रावण ४, २०७२

ओपन माईक नेपाल बुलेटिनको तेस्रो अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

# हल्ला



## भिमखोरी, काभ्रेपलाञ्चोक

"बल्लबल्ल लाइनमा बसेर एउटा भूकम्प पिडित कार्ड लिइयो। अब सरकारले नै हाम्रो राहदानी बनाइदिएर हामीलाई बिदेश पठाउँछ रे भन्ने सुनेको थिएँ। त्यहि भएर रु. १५ हजार नपाए पनि भूकम्प पिडित कार्ड लिन आएको। म विदेश जान पाउँछु होला नि अब ? नत्र घर कसरी बनाउने ? नभए यो कार्ड केमा काम लाग्छ र ?"

## माङ्खा, सिन्धुपाल्चोक

"भूकम्प पिडितलाई क्यानडा सरकारले रोजगारीका लागि लान्छ रे भन्ने हल्ला छ। क्यानडा जानका लागि के गर्नुपर्ने होला ?"

# यथार्थ

हालसम्म भूकम्प पिडितलाई बैदेशिक रोजगारीमा पठाउने सम्बन्धमा सरकारले बेग्लै योजना बनाएको छैन।

राहदानी बनाउने खर्च सरकारले बेहोर्दैन।

हालसालै श्रम तथा रोजगार मन्त्रालयले विभिन्न ७ वटा देशमा बैदेशिक रोजगारीमा जाने व्यक्तिका लागि श्रम स्वीकृति प्रदान गर्ने रोजगारदाता कम्पनीले नै हवाई टिकट र भिसा शुल्क बेहोर्नु पर्ने सर्त लागु गरेको छ। तर, यो व्यवस्था भूकम्प पिडितका लागि मात्र होइन।

बैदेशिक रोजगारीका लागि जान चाहने व्यक्तिले स्वास्थ्य परिक्षण, अनुशिक्षण, बिमा, कल्याणकारी कोषमा योगदान, सेवा शुल्क र राहदानी खर्च समेत गरी लगभग २३ हजार सम्मको खर्च आफैँले बेहोर्नु पर्छ।

नेपाल सरकारले नेपालीका लागि क्यानडामा रोजगारीको अवसर उपलब्ध गराउन केहि समय अघि देखि पहल गरिरहेको छ।

क्यानडाका श्रम मन्त्री केली लेइचले भूकम्प लगतै गरेको नेपालको अनौपचारिक भ्रमणका क्रममा क्यानडामा नेपालीलाई रोजगारीको अवसर दिने सन्दर्भमा छलफल भएको थियो।

त्यसपछि नेपाल सरकारले क्यानडा सरकारलाई पत्राचारको प्रकृया अघि बढाएको छ।

नेपालीलाई क्यानडामा रोजगारीको अवसर दिलाउने सम्बन्धमा हालसम्म उल्लेख्य उपलब्धि भएको छैन।

बुद्धि बहादुर खड्का
प्रवक्ता, श्रम तथा रोजगार मन्त्रालय
९८४१३७२८११

# सवाल

## पिपलडाँडा सिन्धुपाल्चोक

"भूकम्प गएको केहि महिनापछि सरकारले गरेको घोषणा अनुसार ऋण मिनाहा गर्नुपर्छ।"

## इर्खु सिन्धुपाल्चोक

"सरकारले शुरुमा त ऋण मिनाहाको कुरा गरेको थियो, त्यो गरिदिए हुन्थ्यो। सहुलियत दरमा ऋणको व्यवस्था गर्नुपर्छ।"

## सारदा बतासे, काभ्रेपलाञ्चोक

"सरकारले घर बनाउन सहयोग गर्छ रे। ऋण पनि दिन्छ भन्छन्। यदि दिएनन् भने ऋण गरेर भए पनि सानो बस्ने बास बनाउनु त परि हाल्यो नि। सधैं कसरी बस्नु यो जस्ताको टहरामा ?"



## पांग्रेटार, सिन्धुपाल्चोक

"सरकारले दिने भनेको सरल कर्जाको बारेमा अहिलेसम्म केही प्रकृया शुरु भएको छैन। यसले गर्दा अन्यौल भएको छ।"

## सानो सिरुवारी, सिन्धुपाल्चोक

"सरकारले बिना व्याज ऋणको व्यवस्था गर्नुपर्छ।"

# जवाफ

सरकारले जेठ ६ गते जारी गरेको भूकम्प पुनरोतर प्रतिकार्य तथा पुनर्लाभ कार्ययोजनामा भूकम्प पिडितलाई अवस्था हरेर रु. ५० हजार सम्मको ऋण मिनाहा गर्ने उल्लेख छ। तर, त्यस पछिका निर्णय तथा आगामी आर्थिक बर्षको बजेटमा यस बारेमा उल्लेख छैन।

भूकम्पबाट घर भत्किएका परिवारका लागि सरकारले २ प्रतिशत व्याजदरमा घर कर्जा उपलब्ध गराउने निर्णय गरेको छ।

काठमाडौँ उपत्यका भित्रका परिवारले रु. २५ लाखसम्म र बाहिरकाले रु. १५ लाखसम्मको ऋण सहुलियत दरमा लिन सक्नेछन्।

नेपाल राष्ट्र बैंकले ऋण उपलब्ध गराउने प्रयोजनका लागि निर्देशिका तयार गरी जारी गरिसकेको छ।

बैक तथा वितीय संस्थाहरुले ऋण दिने प्रकृया शुरु गरेपछि पिडित परिवारले ऋणका लागि आवेदन दिन सक्छन्।

वितीय संस्थाहरुले ऋण दिँदा घर निर्माणको प्रगतिका आधारमा कम्तिमा चार किस्तामा ऋण उपलब्ध गराउँछन्।

नगरपालिकाहरुले नयाँ घर बनाउनका लागि नक्सा पास गर्ने कार्य हाल रोकेको र सरकारले भूकम्प प्रतिरोधी घरको डिजाइन तथा नयाँ भवन संहिता सार्वजनिक नगरेकोले बैंकहरुले सहुलियतमा ऋण दिन थालेका छैनन्।

उपेन्द्र कुमार पौडेल
निर्देशक
नेपाल राष्ट्र बैंक
बैंक तथा वितीय संस्था
नियमन विभाग
काठमाडौँ
०१-४४११४०७

# सवाल



## महादेबस्थान, काभ्रेपलाञ्चोक

"सबैले अर्काको खेत भाडामा लिएर उत्पादन गरेका छौं। अब सरकारले दिएको त्रिपाल पनि चुहिने भैसक्यो। अब कसरी उत्पादन गरेको अन्न जोगाउने ? अन्न जोगाउन सकिँदैन होला।"

## मुलपानी, धादिङ

"घरहरु पूर्ण रुपमा क्षति भएका कारण मकै कहाँ भित्र्याउने भन्ने समस्या देखिएको छ।"

## सारदा बतासे, काभ्रेपलाञ्चोक

"बल्लबल्ल भित्र्याएको धान पनि जमरा भएर जाने भो।"

# जवाफ

खाद्य शुरक्षाका दृष्टिले संवेदनशिल जिल्लाहरुमा जिल्ला कृषि बिकास कार्यालयसँगको समन्वयमा मानवीय संघसंस्थाहरुले भूकम्प प्रभावित परिवारका लागि प्रत्येक बोरामा ९० किलो धान सञ्चित गर्न मिल्ने सुपर ग्रेन व्याग वितरण गरिरहेका छन्।

कृषि विकास मन्त्रालयले आफ्नै पहलमा पनि केहि भूकम्प प्रभावित जिल्लाहरुमा बर्खे धान राख्नका लागि सुपर ग्रेन व्याग वितरण गरेको छ।

यस्तो बोरा बजारमा किन्न पनि पाइन्छ।

स्थानीय रुपमा उपलब्ध हुने खर, छ्वाली, पूराना जस्तापाता, त्रिपाल जस्ता सामग्री प्रयोग गरेर भएपनि अन्नको सुरक्षित भण्डारको व्यवस्था गर्न सकिन्छ।

उदयचन्द्र ठाकुर
प्रवक्ता, कृषि विकास मन्त्रालय
९८४१२७१२६९

महेन्द्र राज कौडाल
जिल्ला कृषि बिकास कार्यालय
धादिङ
९८५११२०९३०

# सवाल

## धैबुङ र भोर्ले, रसुवा

"धोबी खोला मुहान गरी गाउँमा ल्याइएको खानेपानीको मुल सुक्दै गएर पानीको अभाव छ।"

## यार्सा, सरमथली, भोर्ले, धैबुङ, गत्लाङ, गोल्जुङ र चिलिमे, रसुवा

"खानेपानीको समस्याले गर्दा सरसफाई पनि प्रभावित भएको छ।"

## बुंकोट, गोरखा

"खानेपानीको समस्या साह्रै भयो। पानीको समस्या एकातिर त चर्पीको समस्या अर्कातिर भएर हैरान भएको छ।"



## सलाङ, धादिङ

"वडा नं ३ आरुबासमा मुख्य समस्याको रुपमा खानेपानी देखिएको छ। खानेपानीको ७ वटा मुहान रहेकोमा २ वटा सुकेको छ।"

# जवाफ

सरकारको आगामी आर्थिक बर्षको बजेटमा भूकम्पका कारणले बिग्रिएका पानीका योजनाको मर्मत र पुनर्निर्माणका लागि बजेट विनियोजन गरेको छ।

भूकम्पबाट अति प्रभावित १४ जिल्लामा लागत सहभागितामा आधारित खानेपानी परियोजना निर्माणका लागि उपभोक्ताले बेहोर्नुपर्ने रकमको ३0 प्रतिशत सरकारले बेहोर्ने घोषणा गरेको छ।

गोरखा जिल्ला खानेपानी, सरसफाई तथा ढल निकास डिभिजन कार्यालयले मुहान सुकेका र पानीको आपुर्ति अवरुद्ध भएका स्थानमा पानीको सहज आपूर्तिका लागि पाइप तथा विद्यालय र सिविरहरुमा लागि पानीको ट्याङ्की वितरण गरिरहेको छ।

जिल्लाहरुमा खानेपानी तथा सरसफाई समूह  अन्तरगत काम गरिरहेका संघसंस्थाहरुले पनि खानेपानीको समस्यामा रहेका समूदायमा पाइप वितरण तथा धारा मर्मत गरिरहेका छन्।

नारायण प्रसाद आचार्य
जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय
गोरखा
९८५६०४०९६०

अनिता श्रेष्ठ
रसुवा प्रतिनिधी, सेभ द चिल्ड्रेन
९८४१६९२८०९

# सवाल

## बडिखेल, ललितपुर

"यहाँका मानिसहरूले कार्डको महत्व बुझेका छैनन्, त्यसैले पैसा मात्र भए पुग्छ भन्छन्।"



## जवाफ

भूकम्प पिडित परिचय पत्र पिडितका लागि महत्वपूर्ण छ। भूकम्प पिडितको पहिचान गर्नुका साथै पुनर्स्थापना र पुनर्निर्माणमा परिचय पत्रले सरकारलाई मद्दत गर्छ। भूकम्प पिडितका लागि सरकारले तात्कालिक राहतका अतिरिक्त निम्न योजना बनाएको छ।

- भूकम्प पिडितलाई आवासीय घर निर्माणमा सरल कर्जा उपलब्ध गराउने
- घर निर्माणका लागि २ लाखसम्म सहयोग गर्ने
- विद्युत आपूर्ति नभएका स्थानका लागि सौर्य बत्ती तथा चुल्हो उपलब्ध गराउने
- पिडितलाई रोजगारीमूलक सिप बिकासका तालिम उपलब्ध गराउने

सरकार वा अन्य संघसंस्थाले उपलब्ध गराउने सहायता पाउन सम्बन्धित परिवार योग्य हो वा होइन यकिन परिचय पत्रका आधारमा हुन्छ। पिडित परिवारले पाउने नगद वा अन्य सहयोगको विवरण परिचय पत्रमा नै राखिन्छ।

यादव प्रसाद कोइराला
प्रमूख जिल्ला अधिकारी
ललितपूर
९८५१२२७७७७

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधी तथा समूदायसँगको कुराकानीबाट प्राप्त भएका हुन्। असार २३ देखि ३० सम्म स्वयंसेवकहरूले १० जिल्लाका करिब ४५० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरु

accountabilitylab · Local Interventions Group (data-driven development) · Internews

ओपन माईक नेपाल बुलेटिनको चौथो अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको  हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

## हल्ला



### तिनकुने, काठमाडौं

"भूकम्प पिडित परिचय पत्र भएका व्यक्तिले आयकर तिर्नु पर्दैन रे भन्ने सुनेको छु।"

## यथार्थ

आयकर ऐन २०५८ अनुसार हरेक व्यक्ति वा निकायले आफूले गरेको रोजगारी, लगानी, व्यवसाय वा अन्य आम्दानीमा कर तिर्नुपर्छ।

भूकम्प पिडित परिचय पत्रका आधारमा कुनै पनि व्यक्ति आयकर तिर्ने दायित्वबाट मुक्त हुँदैन।

आर्थिक ऐन २०७२ ले भूकम्पमा आफ्नो व्यवसाय गुमाएका साना करदातालाई आयकर, अनुमति पत्र नविकरण दस्तुर र घर बाहाल कर छुट दिएको छ। त्यसका लागि :

- करदाताले जिल्ला दैविप्रकोप उद्धार समितिबाट व्यवसाय पूर्ण रुपमा ध्वस्त भएको प्रमाणित गर्नुपर्छ।
- करदाता अनुमानित आय विवरण बुझाउन योग्य हुनुपर्छ।

आन्तरिक राजश्व विभागले यस सन्दर्भका कार्यविधि तयार गरी जारी गर्दैछ।

भूकम्पको कारणले क्षति भएका व्यवसायिक फर्मले उक्त क्षतिलाई खर्चका रुपमा कट्टी गर्न पाउने व्यवस्था यसअघि नै विभागले गरिसकेको छ।

चन्द्रकला पौडेल
सूचना अधिकारी
आन्तरिक राजश्व विभाग
काठमाडौं
९८५११५८११७

# हल्ला



## लामिडाँडा, दोलखा

“यस बर्षको भुइँचालो ८ रेक्टर स्केलको थियो रे । सरकारले लुकाएर ७.९ रेक्टर स्केल भनेको भन्छन् । ८ रेक्टर स्केल भन्दा माथिको भुइँचालो गएमा सबै उद्दार र सहयोग विदेशीले आफूखुशी पसेर गर्न पाउने भन्ने हल्ला थियो रे । यसले विदेशी विदेशी बिच झगडा हुन्छ भनेर सरकारले ढाँटेको रे भन्छन्, के हो ?”

## सालुपाटी, रामेछाप

“८ रेक्टर स्केलभन्दा माथिको भूकम्पलाई महाभूकम्प भनिने हुनाले महाभूकम्पमा परेका पिडितलाई धेरै सुविधा दिनुपर्छ भनेर सरकारले कम रेक्टर स्केलको भूकम्प गएको जानकारी गराएको रहेछ नि ।”

# यथार्थ

नेपाल सरकार, खानी तथा भूगर्भ विभाग अन्तरगतको भूकम्प मापन केन्द्रले बैशाख १२ गतेको भूकम्पलाई ७.६ रेक्टर स्केल मापन गरेको छ । रेक्टर स्केल नेपाल भित्र रहेका स्थानीय मापन केन्द्रहरूबाट प्राप्त मापनको औसतको  आधारमा निर्धारण गरिन्छ ।

संयुक्त राज्य अमेरिकाको भूगर्भ सर्वेक्षण केन्द्र (USGS) ले भूकम्प नाप्ने फरक विधि प्रयोग गर्छ, जसलाई ममेन्ट म्याग्निच्युड स्केल (Moment Magnitude Scale) भनिन्छ । यसले भूकम्पबाट प्रवाह हुने शक्ति वा उर्जा मापन गर्छ । फल्ट सरेको क्षेत्र नाप्ने हुनाले ठूला भूकम्प मापनमा यो प्रणाली बढि उपयुक्त मानिन्छ ।

USGS का सयौ भूकम्प मापन केन्द्रहरु छन् । USGS का अनुसार बैशाख १२ गतेको भूकम्प ७.८ ममेन्ट म्याग्निच्युड स्केलको थियो ।

USGS ले भूकम्प लगतै भूकम्पको म्याग्निच्युड ७.९ मापन गरेको थियो । पछि यसलाई ७.८ ममेन्ट म्याग्निच्युड भनेर सच्याइयो । तर, केहि संचार माध्ययमले मात्र सच्याइएको अंक प्रयोग गर्छन् ।

अन्तराष्ट्रिय संघसंस्था तथा निकायहरु उद्दार र राहतका लागि नेपाल आउँदा नेपाल सरकारको अनुमति लिनुपर्छ । जति ठूलो भूकम्प आएपनि बिना अनुमति उनीहरुले नेपालमा काम गर्न पाउँदैनन् ।

सरकार वा विदेशी सहायता संस्थाले पिडितलाई गर्ने सहयोग रेक्टर स्केल वा म्याग्निच्युडमा आधारित हुने होइन । मानवीय तथा अन्य क्षति तथा स्रोत साधनको उपलब्धतामा आधारित हुन्छ ।

सुवेश घिमिरे
त्रिभुवन विश्व विद्यालय
भूगर्भ शास्त्र केन्द्रीय विभाग
९८४९५९४८९६

# सवाल



## भिमेश्वर, दोलखा

"युवतीहरुका लागि महिनावारीको समयमा धेरै नै समस्या हुने गरेको छ। सो अबधिभर प्याड चेन्ज गर्ने ठाउँ र समय नमिल्दा पनि ज्यादै समस्या हुने गरेको छ।"

## गैरीबिसौना, काभ्रेपलाञ्चोक

"अस्थायी टहरामा पुरुषहरुसँग एकसाथ बसिरहेका युवतीहरुलाई महिनावारीको समयमा समस्या परेको छ।"

# जवाफ

समुदायका सदस्यहरु मिलेर महिलाका लागि विभिन्न किसिमका गोपनियता र सुरक्षाको प्रवन्ध गरेका केहि राम्रा उदाहरण छन्। त्यस्ता उदाहरण अन्य ठाउँका लागि पनि उपयोगी हुन सक्छन्।

सिन्धुपाल्चोकका केहि गाउँमा महिलाहरुले महिलाका लागि बेग्लै स्थानहरुको व्यवस्था गरेका छन्। केहि सिबिरहरुमा महिलाका लागि पानी सहितको नुहाउने बेग्लै ठाउँ बनाइएका छन्।

परिवारका सदस्यहरुले नै त्रिपाल, बाँस लगायत सामग्री प्रयोग गरेर किशोरीहरुका लागि सुत्न वा कपडा फेर्न टहरा भित्रै पनि ससाना कोठा निर्माण गर्न सक्छन्।

किशोरी तथा महिलाहरुले आफ्ना व्यक्तिगत समस्याका बारेमा गोप्य रुपमा कुराकानी गर्न चाहेमा मेरी स्टोप्स् इन्टरनेशनलले "मेरी साथी" नामक पैसा नलाग्ने टेलिफोन नम्बर (१६६००११९७५६) को व्यवस्था गरेको छ।

शौचालयको समस्या भएका परिवारले जिल्ला खानेपानी, सरसफाई तथा ढल निकास डिभिजन कार्यालयसँग पनि सम्पर्क गर्न सक्छन्। कार्यालयले खानेपानी र सरसफाई सम्बन्धी सेवा उपलब्ध गराउने संघसंस्थासँग संमन्वय गरी पाँच परिवारका लागि एउटा शौचालय निर्माणको सामग्री उपलब्ध गराउँछ।

शिवराज न्यौपाने
खानेपानी तथा सरसफाई क्लष्टर
दोलखा
९८४५०६४७६६

दिनेशसिंह मल्ल
खानेपानी तथा सरसफाई क्लष्टर
काभ्रेपलाञ्चोक
९८५१००५८१८

# सवाल

## गैरीबिसौना, काभ्रेपलाञ्चोक

"हराएका व्यक्तिको खोजी कसरी गर्न सकिन्छ ?"



# जवाफ

परिवारको सदस्य हराएको अवस्थामा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयमा हराएको व्यक्तिको विवरण सहित निवेदन दिनुपर्छ।

नेपाल प्रहरीले भूकम्पमा हराएका व्यक्तिको नाम दर्ता गराउन वा खोजी गर्नका बेग्लै वेबसाइट www.missingperson.gov.np को व्यवस्था गरेको छ।

नेपाल प्रहरीको पैसा नलाग्ने नम्बर १६६००१४१५१६ मा फोन गरेर वा khojtalas@nepalpolice.gov.np मा इमेल गरेर पनि हराएका सदस्य खोज्न सहयोग लिन सकिन्छ।

नेपाल रेडक्रस सोसाइटीले पनि भूकम्पमा हराएका परिवारका सदस्यसँग सम्पर्क पुनर्स्थापित गराउनमा सहयोग गरिरहेको छ। यसका लागि सम्वन्धित परिवारले नेपाल रेडक्रस सोसाइटीको स्थानीय शाखासँग सम्पर्क गर्न सक्छन्।

राजकुमार केसी
प्रहरी नायव उपरिक्षक
काभ्रेपलाञ्चोक
९८५१२८०४४१

सुभद्रा देवकोटा
बरिष्ठ अधिकृत
नेपाल रेडक्रस सोसाइटी
९८४१५४४९३५

## प्रश्नोत्तर




### महादेबस्थान, काभ्रेपलाञ्चोक

"पूर्ण क्षति भएकालाई सरकारले दिने भनेको २ लाख रुपैया पिडितले घर निर्माण गरेपश्चात मात्र किस्ता किस्तामा पाउने हल्ला छ। के हो बुझ्न सकिरहेको छैन। यो साँचो हो भने जग हाल्ने समेत हामीसँग पैसा छैन भने घर नै बनाई कसरी किस्ता माग्ने ? घरै बनाउन नसके पछि कसरी घर बनाएको प्रमाण दिने ?"

भूकम्प पिडित परिवारलाई घर निर्माणका लागि सरकारले रु. २ लाख दिने घोषणा गरी बजेट विनियोजन गरेको छ।

यो कार्यान्वयन गर्न हालसम्म कार्यविधि तयार भएको छैन। त्यसैले यो रकम वितरणको तरिका यकिन भएको छैन।

### पिपलडाँडा, सिन्धुपाल्चोक

"सरकारले घोषाणा गरेको अस्थायी आवासको लागि जस्तापाता किन्ने रु. १५ हजार समेत मलाई नगरपालिकाले दिएको छैन। म बसाइँ सरी आएको १० वर्ष भयो। सोहि अनुसार बसाइँ सराइको प्रमाण लिएर आउनु भने। त्यो लिएर गएपनि वडा सचिवले भोली भोली भनी सधैँ फर्काइरहेका छन्।"

यदि कुनै परिवार बसाइँ सराइ गरी नयाँ गाउँमा गएको छ भने भूकम्प पिडित परिचय पत्रका लागि नागरिकता जस्ता अन्य कागजातका अतिरिक्त बसाइँ सराइको कागज पनि पेश गर्नुपर्छ।

यदि गाबिस वा नगरपालिकाका अधिकारीले कागजात पेश गरेपछि पनि परिचय पत्र नबनाएमा जिल्ला दैविप्रकोप उद्दार समितिमा उजुरी दिन सकिन्छ।

# प्रश्नोत्तर

गोरखा



## मान्बु

**"नेपाली नागरिकताको प्रमाणपत्र नभएकोले भूकम्प पिडितलाई वितरण गरेको परिचय पत्र पाइएन।"**

भूकम्प पिडित परिचय पत्र पाउनका लागि नेपाली नागरिकता हुनु अनिवार्य छैन। जग्गाधनी लालपुर्जा वा सवारी चालक अनुमतिपत्र जस्ता आधिकारिक कागजात पेश गरेर पनि परिचय पत्र पाउन सकिन्छ।

घरमूलीले यस्ता प्रमाण पेश गर्न नसकेको अवस्थामा स्थानीय सर्वलदलीय संयन्त्रले उक्त परिवार भूकम्प पिडित परिचय पत्र पाउन योग्य हो वा होइन निर्धारण गर्छ।

तपाईंसँग नागरिकताको प्रमाण पत्र छैन तर तपाईंको परिवारको अन्य सदस्यसँग नागरिकता छ भने उहाँको नाममा परिचय पत्र लिन सकिन्छ।

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधी तथा समूदायसँगको कुराकानीबाट प्राप्त भएका हुन्। असार ३० देखि साउन ७ सम्म स्वयं सेवकहरूले ८ जिल्लाका करिब ३०० जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab    Local Interventions Group data·driven development    Internews

ओपन माईक नेपाल बुलेटिनको पाँचौ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पु-याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु हाम्रो ध्येय हो।

# हल्ला



## नाम्दु, दोलखा

"हाम्रो गाउँमा सेतो रङको परिचय पत्र वितरण गरिएको छ त्यसैले हामीले रकम पाउन ढिला भएको भन्छन्। रातो रङको परिचय पत्र पाएको भए १५ हजार नपाए पनि क्यानडा, अष्ट्रेलिया जान पाइन्थ्यो रे। उक्त रकम नपाए पनि आफनो छोरा बेरोजगार भएर बसेको छ, आफूलाई ऋण लागेको छ। राम्रो देशमा लान्छ रे भन्ने सुनेको थिए, बरु म पनि पठाउथेँ।"

# यथार्थ

भूकम्प प्रभावित जिल्लामा वितरण गरिएका भूकम्प पिडित परिचय पत्रको रङ फरक फरक छन्। उदाहरणको लागि दोलखामा वितरण गरिएको परिचय पत्रको रङ सेतो छ भने गोरखामा रातो रङको परिचय पत्र वितरण गरिएको छ।

परिचय पत्रको रङको सम्बन्धमा कुनै निर्देशिका नभएकोले यस्तो फरक परेको हो। जिल्ला दैविप्रकोप उद्दार समिति आफैँले परिचय पत्रको रङ छनोट गर्न सक्छ।

परिचय पत्रको रङले राहत सामग्री वा अन्य सहायता प्राप्त गर्ने योग्यता निर्धारण गर्दैन।

राहत रकम वितरणमा ढिलाइ हुनुका धेरैवटा कारण हुनसक्छन्। तर, परिचय पत्रको रङका कारणले ढिला भएको भने होइन।

देवेन्द्र लामिछाने
प्रमूख जिल्ला अधिकारी
दोलखा
९८५४०१७७७७

उद्धव प्रसाद तिमल्सिना
प्रमूख जिल्ला अधिकारी
गोरखा
९८५६०५७७७७

# हल्ला



## चरिकोट, दोलखा

"भूकम्पपछि दोलखामा गर्भपतन गराउने महिलाको सङ्ख्या दोव्बर भएको छ रे।"

# यथार्थ

जिल्ला जनस्वास्थ्य कार्यालय दोलखाका अनुसार भूकम्पपछि गर्भपतन गराउन आउनेको संख्यामा उल्लेख्य बृद्धि भएको छैन।

गर्भमा रहेको बच्चाको स्वास्थ्य अवस्थाका बारेमा स्वास्थ्यकर्मीसँग परामर्श लिन आउने गर्भवती महिलाको संख्यामा भने बृद्धि भएको छ। यो राम्रो अभ्यास हो। गर्भवती महिलाले कम्तिमा चारपटक गर्भ जाँच गराउनु आवश्यक हुन्छ।

भूकम्प आउँदैमा यसले गर्भको बच्चालाई असर गर्दैन। गर्भवती महिला लडेमा वा उनलाई चोटपटक लागेमा वा पेटको बच्चा चलिरहेको थाहा नभएमा नजिकको स्वास्थ्य संस्था, स्वास्थ्य शिबिर वा स्वास्थ्य कर्मीसँग सम्पर्क राखौं।

यदि गर्भवती महिलाको योनीबाट अलिकति पनि रगत बगेमा, ८ घण्टाभन्दा बढि प्रसव व्यथा लागेमा, धेरै ज्वरो आएमा, आँखा तिर्मिराउने भएमा, टाउको दुखेमा वा मूर्छा परेमा उनलाई तुरुन्त स्वास्थ्य संस्था वा स्वास्थ्य शिबिरमा लैजानु पर्छ।

डा. खगेश्वर गेलाल
जिल्ला जनस्वास्थ्य कार्यालय
दोलखा
९८५४०४५११६

मेरी स्टोप्स् इनटरनेशनल
मेरी साथी
हटलाइनः १६६००२१९७५६
९८०१११९७५६

# सवाल

## सिन्धुपाल्चोक

### साँगाचोक

"दलित समूदायको समेत बस्ती रहेको यस वडामा आरन चलाएर दैनिक गुजारा गर्नेहरुलाई अहिले समस्या छ। उनीहरुको आरन भूकम्पमा पुरिएको छ। त्यो बाहेक खानेपानी, शौचालय लगायतका समस्या पनि विद्यमान छ।"

### माङ्खा

"भूकम्पले मेरो  घर र आरन ध्वस्त भयो। अहिले मेरो गरी खाने ठाँउनै रहेन, म किन बाँचे ? मेरो सिप भनेको त्यही फलामको काम हो। अब आरन छैन, बनाउने आफ्नो अवस्था पनि छैन। भोक भोकै मरिएला जस्तो छ।"

## राम्चे, लहरे पौवा, रसुवा

"ओफूले धान कुट्ने मिल चलाउँदै आएकोमा सबै भूकम्पले भत्काएर क्षतिग्रस्त परेको छ। त्यस धान मिल सञ्चालन गर्न पाएमा अरुको पनि जिविकामा सहयोग पुग्ने थियो भने मेरो जिविका पनि चल्ने थियो। यस्तो उद्योग सञ्चालनमा पनि सरकारले केही सहयोग गर्ने छ भन्ने आशामा छु।"



# जवाफ

नेपाल सरकारले हालसम्म धान कुट्ने मिलको पुनः निर्माणमा सहयोग गरेको जानकारी जिल्ला कृषि बिकास कार्यालयसँग छैन।

दलित गैर सरकारी संस्था महासंघ अन्तरगतका संस्थाहरुले भूकम्प प्रभावित जिल्लाका केहि गाउँमा लुगा सिलाउने मेशिन लगायतको सामग्री उपलब्ध गराएका छन्।

सरकार र संघसंस्थाहरु तात्कालिक राहत र पुनःस्थापनामा केन्द्रीत भएकोले आरन बनाउन  सहयोग प्राप्त नभएको हुनसक्छ।

विस्तृत तथ्याङ्क उपलब्ध भएमा आरन सञ्चालनमा सहयोग गर्न सकिने दलित गैर सरकारी संस्था महासंघले जनाएको छ।

सुशिल बिश्वकर्मा
सचिव, दलित गैरसरकारी संस्था महासंघ
९८४१४४२९६०

# सवाल



## काभ्रे, दोलखा

"माथिल्लो तामाकोशी जलविद्युत आयोजनामा शेयर लगानी गर्ने प्रयोजनका लागि लिएको तथ्यांक अनुसार काभ्रे गाबिसको घर परिवार संख्या १३८९ हो। अहिले सोही संख्यालाई आधार मानेर घर परिवार सङ्ख्या बढाएको भनी रकम निकासा गर्न ढिलाइ गर्नु अन्याय हो। उक्त सर्वेक्षणमा शेयर लगानी गर्न नसक्नेले फारम भरेको नै थिएन। अहिले उक्त शेयर फारम भर्नेलाई दिने, नभर्नेलाई नदिने कुरा गलत हो।"

## सुस्पा क्षमावदी, दोलखा

"अनुमानित भन्दा घर धुरी संख्या बढि भएकोले गाबिस सचिवले हाम्रो गाबिसमा रकम नबाड्ने निर्णय गरेका छन्।"

# जवाफ

जिल्ला दैविप्रकोप उद्दार समितिले भूकम्पमा भएको क्षति अनुमान गर्न विभिन्न स्रोतबाट संकलित तथ्यांक प्रयोग गर्न सक्छ। तर, राहत वितरण गर्दा गाबिस सचिव वा नगरपालिकाको कार्यकारी अधिकृतको अध्यक्षतामा रहने गाउँ वा नगर स्तरीय राहत तथा उद्दार समितिले तयार पारेको तथ्यांकलाई आधार मानिन्छ।

दोलखाका प्रमूख जिल्ला अधिकारीका अनुसार राहत वितरणका लागि माथिल्लो तामाकोशीले गरेको घर धुरी सर्वेक्षणलाई आधार बनाइएको छैन।

एउटै परिवारबाट एकभन्दा बढि भूकम्प पिडित परिचय पत्रका लागि आवेदन पर्नु तथा राजनैतिक दलका प्रतिनिधीहरूले त्यस्ता आवेदन स्वीकार गर्न दबाब दिनु जस्ता कारणले केहि गाबिसमा पिडित घर धुरी संख्या अनुमान गरिए भन्दा धेरै नै बढि भएको छ।

गलत सूची पेश भएको खण्डमा आफ्नो जागिरमा अप्ठ्यारो पर्नसक्ने डरले पनि केही गाबिस सचिवहरुले हालसम्म भूकम्प पिडितको अन्तिम सूची जिल्ला दैविप्रकोप उद्दार समितिमा पेश गर्न सकेका छैनन्।

पिडितको अन्तिम सूची प्राप्त नभएसम्म जिल्ला दैविप्रकोप उद्दार समितिले राहत रकम पठाउन सक्तैन। तर,समितिले राहत वितरण प्रक्रिया शुरु गर्नका लागि गाविसहरूमा केहि रकम पठाएको छ।

राहत प्राप्त हुन ढिला हनुको कारण थाहा पाउन गाबिस सचिव, प्रमूख जिल्ला अधिकारी र भूकम्प पिडितको राहत अनुगमन समितिको संयोजक रहने तपाईंको निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सभासदसँग सम्पर्क राख्नुहोस्।

**देवेन्द्र लामिछाने**
प्रमूख जिल्ला अधिकारी
दोलखा
९८५४०१७७७७

**भरतबहादुर पौडेल**
गाबिस सचिव हक हित संरक्षण केन्द्र
दोलखा
९८४४३०६८००

# हल्ला



## काभ्रे, काभ्रेपलाञ्चोक

"हामीले १५ हजार पायौँ। दशैँसम्म थप ३५ हजार पाइन्छ भन्छन्। हो कि होइन, थाहा छैन।"

## पाँचखाल, काभ्रेपलाञ्चोक

"दशैँताका ५० हजार पाइन्छ भन्ने सुनिएको छ।"

## यथार्थ

जिल्ला दैविप्रकोप उद्दार समिति काभ्रेपलाञ्चोकले दशै अघि वा आसपास थप राहत रकम वितरण गर्ने सम्वन्धी कुनै योजना बनाएको छैन।

सरकारले आवासका लागि घोषणा गरेको रु. २ लाख मध्ये हालसम्म रु. १५ हजारबाहेक थप रकम वितरणको सन्दर्भमा कुनै कार्यविधी बनाएको छैन।

कार्यविधी नबनेसम्म रकम वितरणको समय र माध्यमका बारेमा यकिन गर्न सकिँदैन।

सुदर्शन प्रसाद ढकाल
प्रमूख जिल्ला अधिकारी
काभ्रेपलाञ्चोक
९८५१२३७७७७

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरू र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। साउन ७ देखि १४ गतेसम्म स्वयं सेवकहरुले ९ जिल्लाका करिब ३७५ जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरू छनोट गरिएका छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab | Local Interventions Group data·driven development | Internews